apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २३५ ● पृष्ठ: ४ ● २५ भदौ २०८३ विहीबार (10 September 2026, Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सिरहामा स्कारपियो जाँच गर्दा भेटियो १२३ बोतल 'कोरेक्स', चालक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २४ गते**



विशेष सूचनाका आधारमा प्रहरीले सिरहाको लहानबाट ठूलो परिमाणमा लागुऔषध बरामद गरेको छ। प्रहरीले लहान नगरपालिका-३ स्थित ठाडी रोडमा जाँचका क्रममा स्कारपियो जिपबाट १२३ बोतल लागुऔषध बरामद गरेको हो।

बुधबार बिहान सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त रूपमा सञ्चालन गरेको जाँचका क्रममा स.१च १४१४ नम्बरको स्कारपियो रोकेर जाँच गर्दा गाडीभित्र कोरेक्स-सी १०० एमएलका १२३ बोतल फेला परेको प्रहरीले जनाएको छ।

लागुऔषधसहित पक्राउ पर्नेमा लहान नगरपालिका-१० का ४१ वर्षीय विजयकुमार बिसुके रहेका छन्। उनी उक्त स्कारपियोका चालक रहेको प्रहरीले जनाएको छ।

सुरक्षा बेस लहानबाट सशस्त्र प्रहरी सहायक निरीक्षकको कमान्डमा खटिएको ११ जनाको गाडी मोबाइल टोली र इलाका प्रहरी कार्यालय लहानबाट प्रहरी सहायक निरीक्षकको कमान्डमा परिचालित ९ जनाको मोबाइल टोलीले संयुक्त रूपमा सवारीसाधन जाँच गरेको थियो।

सशस्त्र प्रहरी सिरहाका प्रमुख एसपी सुमनजंग थापाका अनुसार विशेष सूचना प्राप्त भएपछि संयुक्त टोली परिचालन गरिएको थियो। जाँचका क्रममा स्कारपियोभित्र लागुऔषध भेटिएपछि चालकलाई नियन्त्रणमा लिइएको उनले बताए।

बरामद लागुऔषध, स्कारपियो र पक्राउ परेका बिसुकेलाई थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि बुधबार बिहान १०:२४ बजे इलाका प्रहरी कार्यालय लहानमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकले पक्राउ परेका व्यक्तिमाथि अनुसन्धान

बाँकी पृष्ठ ३ ▸▸

## भारत लैजान लागेको १५७ किलो गाँजा सशस्त्र प्रहरीद्वारा बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २४ गते**



सिरहाको औरही गाउँपालिका-४ इट्टाटारस्थित सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले १५७ किलोभन्दा बढी प्रतिबन्धित लागुऔषध गाँजा बरामद गरेको छ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ७ गण हे.क्वा. सिरहाका गणपति सशस्त्र प्रहरी निरीक्षक सुमनजंग थापा क्षेत्रीका अनुसार बुधबार बिहान करिब १:३५ बजे नेपालबाट अवैध रूपमा गाँजा बोकेर भारततर्फ लैजाँदै गरेका व्यक्तिहरूले गस्ती टोलीलाई देखेपछि गाँजा छाडेर फरार भएका हुन्।

बाँकी पृष्ठ ३ ▸▸

## मधेशमा मानवअधिकारको अवस्था: उजुरीको चाङ, कारबाही प्रक्रिया सुस्त




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २४ गते**

मधेश प्रदेशमा मानवअधिकारको दयनिय अवस्था देखिएको छ। सयौं उजुरी दर्ता भए पनि कारबाही प्रक्रिया सुस्तगतिमा बढ्दा मानवअधिकारको अवस्था दयनिय देखिएको हो।

मानवअधिकारप्रति राज्य गम्भीर नहुँदा समस्या दिनानुदिन जटिल बन्दै गएको राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेश जनकपुरधामका सहसचिव बुद्धनारायण साहनी बताउँछन्।

मधेश प्रदेशमा मानवअधिकारको

बाँकी पृष्ठ २ ▸▸

## जेनजी आन्दोलनको प्रभाव : मधेशकेन्द्रित दलहरू 'हराए'

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २४ गते**



जेनजी आन्दोलनपछिको आम निर्वाचनमा नेपालका परम्परागत राजनीतिक शक्तिहरू मात्र होइनन्, मधेश विद्रोहबाट उदाएका दलहरू समेत नराम्ररी थलिएका छन्।

एक समय मधेशको सत्ता र सडकमा एकलौटी पकड जमाएका यी दलहरू अहिले आफ्नो अस्तित्व जोगाउन संघर्ष गरिरहेका छन्। संसदमा खुम्चिएको प्रतिनिधित्व र संगठनभित्रको बढ्दो निराशाले गर्दा मधेशी दलहरूको अवस्था 'ढल्दै गरेको सूर्य' जस्तै बन्न पुगेको छ।

निर्वाचनपछिको चुनावी परिणामले मधेशका अधिकांश दललाई शून्यको अवस्थामा पुर्‍यायो। उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, डा. सीके राउतको जनमत पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबाहेक अन्य दलहरू कि त निस्क्रिय छन्, कि त समाप्तिको संघारमा छन्।

नेपाल सद्भावना पार्टी इतिहास बनिसकेको छ भने राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी, हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टी र वृजेशचन्द्र लालको तराई-मधेश लोकतान्त्रिक पार्टीको प्रभाव लगभग शून्यमा झरेको छ।

जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको एकतापछि पनि कार्यकर्तामा अपेक्षित उत्साह देखिएको छैन।

तर जसपा नेपालका महासचिव डा. सुरेन्द्र झा भने पार्टी पुरानै लयमा फर्किने दाबी गर्छन्। उनी भन्छन्, 'पार्टी एकता र अग्रगामी मोर्चाको गठनले कार्यकर्तामा नयाँ ऊर्जा थपेको छ, हामी फेरि संगठित हुँदैछौं।' सत्ताको गणितमा पनि मधेशी दलहरू निकै कमजोर बनेका छन्। विगतमा मधेश प्रदेशको सत्ताको साँचो बोक्ने यी दलहरू अहिले प्रमुख दलहरूको गठजोडले गर्दा प्रतिपक्षमा धकेलिन बाध्य छन्। अग्रगामी मोर्चाले आगामी २०८४ को निर्वाचनअघि कुनै पनि सरकारमा सहभागी नहुने अडान लिएको छ।

यता, राष्ट्रिय मुक्ति पार्टीका महासचिव सन्तोष मेहताले आफ्नो पार्टी निस्क्रिय नभएको दाबी गर्दै नयाँ रणनीति अपनाउने तयारी भइरहेको बताएका छन्। 'अबको राजनीति पुरानो ढर्राले चल्दैन, अध्यक्षको नेतृत्वमा सुरु हुने पदयात्राबाट प्राप्त

बाँकी पृष्ठ २ ▸▸

## जेन-जी विद्रोहको आडमा बनेको सरकारलाई सांसदका प्रश्नैप्रश्न- श्रद्धाञ्जली दिन एक वर्ष, भेट्न कति वर्ष ?

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २४ गते**



जेन-जी शहीद रसिक खतिवडाकी आमा तथा सत्तारुढ दल रास्वपाकी सांसद रचना खतिवडाले प्रधानमन्त्री वालेन्द्र शाह बालेनलाई प्रश्न गरिन्, 'शहीदले न्याय कति वर्षमा पाउँछ सरकार ? शहीद परिवार र घाइते परिवारलाई भेट्न कति वर्ष लाग्छ अब ?' त्यसअघि उनले जेन-जी शहीदलाई श्रद्धाञ्जली दिन पनि वर्ष दिन लागेको बताइन्। 'देशले शहीद पायो, एक दिन बिदा पायो। निमन्त्रणा दिएर कि त आइदिनुस् कि त केही बोलिदिनुस्। केही त केही लेखिदिनुस् भन्दा भन्दा स्टाटस त आयो, अन्तमा एक वर्षपछि शहीदलाई श्रद्धाञ्जली,' खतिवडाले अघि भनिन्।

उनले बुधबारको प्रतिनिधिसभा बैठकमा बोलेकी थिइन्। जेन-जी विद्रोहको जगमा बनेको सरकारका नेतृत्वकर्ताले जेन-जीलाई सम्बोधन नगरेको उनको दुखेसो थियो। मंगलबार जेन-जी शहीदको स्मृतिमा कार्यक्रम गरिएको कार्यक्रममा पनि प्रधानमन्त्री बालेन उपस्थित थिएनन्।

गत वर्ष २३ भदौमा भएको जेन-जी विद्रोहमा २२ वर्षका रसिकले ज्यान गुमाएका थिए। रास्वपाले

बाँकी पृष्ठ ३ ▸▸




## मधेशका युवा भन्छन्- सरकार सकारात्मक दिशामै अघि बढिरहेको छ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २४ गते**



गत वर्ष जेनजी पुस्ताले गरेको आन्दोलनका कारण नेपालको राजनीतिक कोर्ष बदलिएको छ। सोही आन्दोलनमार्फत प्रतिनिधि सभा विघटन भई नयाँ निर्वाचन गराएर ताजा जनादेश अनुसार सरकार गठन भएको पनि करिब साढे पाँच महिना भइसकेको छ।

सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध अविलम्ब खोलिनुपर्ने, सुशासन, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचारमुक्त समाज लगायतका माग राख्दै सडकमा ओर्लिएको मानवसागरले देशको शासनसत्तामात्र ढालेन, पुराना राजनीतिक दलहरूलाई इतिहासकै कमजोर अवस्थामा सीमित तुल्याएको छ।

जेनजी आन्दोलनका क्रममा मधेश प्रदेशमा समेत भौतिक पूर्वाधार र सरकारी सम्पत्तिमा ठुलो क्षति भयो। आन्दोलन भएको एक वर्ष पूरा भइसक्दा पनि यहाँका धेरैजसो प्रशासनिक संरचनाको पुनर्निर्माण अधुरै छ भने अधिकांश कार्यालयहरू कामचलाउ रूपमा मात्र सञ्चालन भइरहेका छन्।

बाँकी पृष्ठ ४ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## वन र चुरे संरक्षणमा तिव्रता देउ

मधेश प्रदेशमा वन अतिक्रमण नियन्त्रण अभियानले पछिल्लो समय गति लिन थालेको देखिन्छ । गत आर्थिक वर्ष २०८२/८३ मा प्रदेशका विभिन्न जिल्लामा १५४ दशमलव ५५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ । यसले सरकारी संयन्त्रणको सक्रियता बढेको संकेत गरेको छ । पर्सामा मात्रै १२० हेक्टर, बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा ३ दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त भएको छ । मधेश प्रदेश वन क्षेत्रको दृष्टिले मुलुककै संवेदनशील प्रदेशमध्ये पर्छ । जनसंख्याको चाप, अव्यवस्थित बस्ती विस्तार, पूर्वाधार निर्माण, खेतीयोग्य जमिनको बढ्दो माग र वन क्षेत्रमाथिको निरन्तर अतिक्रमणले प्रदेशको पर्यावरणीय सन्तुलनलाई कमजोर बनाउँदै लगेको छ । विगतमा विभिन्न बहानामा राज्यकै तर्फबाट वन क्षेत्रमा बस्ती बसाउन वा संरचना निर्माण गर्न दिइएको छुटले समस्या झनै जटिल बनाएको यथार्थलाई पनि बिर्सन मिल्दैन । संरक्षण गर्नुपर्ने वनलाई तत्कालीन राजनीतिक र प्रशासनिक स्वार्थका आधारमा उपयोग गर्ने प्रवृत्तिले अहिले गम्भीर पर्यावरणीय चुनौती सिर्जना गरेको छ ।

वन अतिक्रमणको समस्या रूख काटिएको वा जमिनमा संरचना बनेको विषय मात्र होइन । वन विनाशसँगै पानीका स्रोत सुक्ने, भूक्षय बढ्ने, जैविक विविधता नष्ट हुने, तापक्रम बढ्ने र बाढी तथा डुबानको जोखिम बढ्ने जस्ता समस्या निम्तिन्छन् । मधेशमा चुरे क्षेत्रको विनाशले यसको असर अझ् गम्भीर बनाउने गरेको छ। चुरे कमजोर हुँदै जाँदा वर्षायाममा बाढी र कटानको जोखिम बढ्छ भने हिउँदमा भूमिगत पानीको सतह घट्दै जान्छ। त्यसको प्रत्यक्ष असर कृषि, खानेपानी र जनजीवनमा पर्छ। चुरे तथा वन क्षेत्रमा अतिक्रमण गरी नयाँ-नयाँ बस्ती विस्तार हुने क्रम जारी छ। भूमिहीन तथा विपन्न नागरिकको आवासको समस्या समाधान गर्नुपर्ने राज्यको दायित्व आफ्नो ठाउँमा छ। तर, त्यसको समाधान वन र चुरे क्षेत्र मासेर गरिनु दीर्घकालीन रूपमा कसैका लागि पनि हितकर हुँदैन । आज केही परिवारलाई बसोबासको व्यवस्था गरिएजस्तो देखिए पनि भोलि त्यही भूभागमा बाढी, खानेपानीको अभाव वा भूक्षयको समस्या बढ्दा त्यसको मूल्य समाजले ठूलो रूपमा चुकाउनुपर्ने हुन्छ ।

वन अतिक्रमण नियन्त्रणलाई अभियानका रूपमा मात्र सीमित गर्नु हुँदैन । अतिक्रमण हटाएर खाली गरिएको क्षेत्रमा पुनः अतिक्रमण हुन नदिने स्थायी व्यवस्था आवश्यक छ । हटाइएका संरचनाको ठाउँमा वृक्षरोपण, प्राकृतिक पुनरुत्पादन र नियमित संरक्षणको व्यवस्था गर्नुपर्छ। वन क्षेत्रको सीमांकन, अभिलेखीकरण तथा अनुगमनलाई प्रविधिमैत्री बनाउनुपर्छ। स्थानीय तह, प्रदेश सरकार, वन कार्यालय, सुरक्षा निकाय र समुदायबीच प्रभावकारी समन्वय हुन सके मात्र संरक्षण अभियान दीर्घकालीन बन्न सक्छ। त्यसैगरी चुरे संरक्षणलाई वन संरक्षणभन्दा अलग विषयका रूपमा हेर्नु हुँदैन् । चुरे, वन, नदी प्रणाली, भूमिगत पानी र कृषि क्षेत्र एकअर्कासँग गहिरोसँग जोडिएका छन् । चुरे क्षेत्रमा हुने अनियन्त्रित उत्खनन्, वन फँडानी, सडक तथा बस्ती विस्तार र प्राकृतिक स्रोतको अव्यवस्थित दोहन तत्काल नियन्त्रण गर्न आवश्यक छ । विकासका नाममा वातावरणीय जोखिम बढाउने गतिविधिलाई रोक्दै वैकल्पिक र दिगो विकासको बाटो रोज्नुपर्छ।

वन संरक्षणमा स्थानीय समुदायको सहभागिता पनि उत्तिकै महत्वपूर्ण छ। वनलाई संरक्षण गर्ने नागरिकले त्यसबाट आफ्नो जीवनसँग जोडिएको प्रत्यक्ष लाभ पाउने वातावरण बनाउन सके संरक्षणप्रतिको अपनत्व बढ्छ । साथै, वन अतिक्रमण र चोरी-तस्करीमा संलग्न जोसुकै भएपनि कानुनअनुसार कारबाही हुने स्पष्ट सन्देश राज्यले दिनुपर्छ। राजनीतिक पहुँच वा प्रशासनिक कमजोरीका कारण वन संरक्षणका नियम कमजोर हुने अवस्था अब दोहोरिनु हुँदैन् । मधेशमा वन क्षेत्र सीमित छ । त्यसैले यहाँ बाँकी रहेको प्रत्येक वन क्षेत्र अझ मूल्यवान् छ । अहिले अतिक्रमण नियन्त्रणमा देखिएको सक्रियता स्वागतयोग्य भएपनि यसलाई निरन्तरता र अझ तीव्रता दिन आवश्यक छ । अतिक्रमण हटाउने कामसँगै नयाँ अतिक्रमण रोक्ने, चुरे जोगाउने र पुनः वन विकास गर्ने समग्र योजना तत्काल कार्यान्वयन गर्नुपर्छ। वन र चुरे जोगाउनु भनेको पानी, माटो, कृषि, जैविक विविधता र अन्ततः मानव जीवन जोगाउनु हो। आज संरक्षणमा गरिएको लगानीले भोलिको पुस्तालाई सुरक्षित वातावरण दिन्छ। त्यसैले मधेशमा वन र चुरे संरक्षण अब विकल्पको विषय होइन, अस्तित्व र भविष्यसँग जोडिएको अनिवार्य आवश्यकता हो । राज्यले विगतका कमजोरी सच्याउँदै दृढ इच्छाशक्तिका साथ संरक्षण अभियानलाई जोडतोडका साथ अघि बढाउनैपर्छ।

## जेनजी आन्दोलनको प्रभाव : मधेशकेन्द्रित .......

जनसुझावका आधारमा पार्टीलाई पुनर्गठन गर्दै नयाँ ढंगले अघि बढाउने हाम्रो योजना छ,' उनले भने ।

जेनजी आन्दोलनपछिको बदलिँदो राजनीतिक चेतना र युवा पुस्ताको बढ्दो वितृष्णाले मधेशकेन्द्रित दलहरूलाई आफ्नो राजनीति पुनरवलोकन गर्न दबाब बढाएको छ। अबका दिनमा यी दलहरू अस्तित्व रक्षाको चुनौती पार गर्दै कसरी जनविश्वास आर्जन गर्छन्, त्यो हेर्न बाँकी नै छ।

# देशलाई धम्की होइन, भरोसा दिने गृहमन्त्री चाहियो

**रास्वपाभित्रै उठेको प्रश्न- पार्टी सभापतिले आन्तरिक फोरमहरुबाट पटक पटक दिएको निर्देशन र सुझाव उल्लङ्घन गर्ने सुधन गुरुङको शक्तिको स्रोत के हो ? उनी जेनजी आन्दोलन हाई-ज्याक गर्ने शैलीमै रास्वपामा आश्रय लिएका सन्दिग्ध पात्र त होइनन् ?**




सुधन गुरुङको नाम मैले पहिलो पटक भदौ २५ गते सुनेको हुँ। आर्मी हेडक्वार्टरमा जेनजीसँग वार्ता गर्ने क्रममा संविधान भनेको के हो ? भन्दै उफ्रिएको एउटा अपरिचित पात्रका रूपमा उनी सार्वजनिक वृत्तमा देखिएका थिए ।

त्यसअघि उनी मेरो राजनीतिक, सामाजिक वा सार्वजनिक जीवनको परिचित अनुहार थिएनन्। त्यसअघि उनले गरेका कामकारबाही एक साधारण युवाका रूपमा थिए होलान्, ठमेलदेखि धरानसम्म उनका कहानी पछि उत्खनन् भएका हुन् ।

परिवर्तनको नाममा सडकबाट सिंहदरबारसम्म पुगेको पुस्ताले कस्तो राजनीति खोजेको थियो ? उसले कस्तो नेतृत्व चाहेको थियो ? र अहिले उसकै नाममा बनेको सरकारमा जिम्मेवारी पाएका पात्रहरू त्यस अपेक्षाको कति नजिक छन् ? यही प्रश्न अहिले गृहमन्त्री सुधन गुरुङको पछिल्लो व्यवहार र अभिव्यक्तिले सार्वजनिकरुपमा उठेका छन् ।

उनको शैलीले उनलाई एकाएक चर्चामा ल्यायो । त्यसपछि उनी एउटा रहस्यमय पात्रका रूपमा उदाए र जेनजी आन्दोलनको उभारसँगै राजनीतिको केन्द्रमा आइपुगे । आन्दोलनमा ज्यान गुमाएका नवयुवाको बलिदानमा टेकेर उनले साँवा ब्याजसहितको मुनाफा पनि असुल गरिसके ।

तर गृह मन्त्रालय कुनै सामाजिक सञ्जालको ट्रेन्डिङ पेज होइन । यो देशको आन्तरिक सुरक्षा, गोप्य सूचना, प्रशासन र सङ्कट व्यवस्थापनको सबैभन्दा संवेदनशील मन्त्रालय हो ।

गृह मन्त्रालय त्यस्तो ठाउँ हो, जहाँ देशका संवेदनशील सुरक्षा सूचना हुन्छन् । जहाँ सङ्कटका बेला राज्यको संयमता परीक्षण हुन्छ । जहाँ एउटा शब्दले सामाजिक तनाव बढाउन पनि सक्छ र एउटा संयमित अभिव्यक्तिले परिस्थिति शान्त पार्न पनि सक्छ ।

त्यसैले प्रश्न स्वाभाविक छ- राजनीतिक चेतना र अनुभवको अभाव, सामाजिक व्यवहारमा अपरिपक्वता तथा सार्वजनिक अभिव्यक्तिमा आक्रामकता देखाउने व्यक्तिले यति संवेदनशील मन्त्रालय कसरी सञ्चालन गर्नसक्छ ?

राजनीति गर्न राजनीतिक परिवारमा जन्मिनुपर्दैन, वर्षौं पार्टीको झोला बोकेर हिँड्नैपर्छ भन्ने पनि छैन । तर संस्कार, संस्कृति, विनयशीलता र अरूप्रतिको सम्मान सिक्न चाहिँ राजनीति गर्नुपर्दैन । यी व्यक्तिको आधारभूत गुण हुन् ।

यो किन भनिएको हो भने, उनी इमोशनल ब्ल्याकमेलको शैलीमा आफू पुराना राजनीतिक नेताजस्तो चिल्ला भाषण र राजनीति गर्न नजान्ने पात्र भएकाले भूलचुक सातखत माफ हुनुपर्ने भनेर गल्तीको फाइदा उठाउन खोज्छन् । सुधनमा यही पक्षको प्रश्न उठेको छ ।

उमेरले ल्याउने परिपक्वता र राजनीतिक अनुभवको कमीलाई चिल्ला भाषणले छोप्न सकिन्छ। तर सार्वजनिक जिम्मेवारीमा पुगेपछि शब्दको जिम्मेवारीबाट उम्किन सकिँदैन ।

जेनजी शहीद दिवसका दिन उनले दिएका धम्कीपूर्ण अभिव्यक्ति र अनावश्यक लफ्फाजीलाई आफ्नै पार्टीका महामन्त्री विपिनकुमार आचार्य, सचेतक क्रान्तिशिखा धिताल, सांसद राजु पाण्डे र नेता प्रमोद न्यौपानेजस्ता व्यक्तिले समेत सहज रूपमा पचाउन नसक्नु गम्भीर सङ्केत हो।

### अपरिपक्व र दोग्ला चरित्रका केही उदाहरण

जेनजी आन्दोलनको दिन केही मिडियामा पानी बाँड्ने पात्राका रूपमा प्रस्तुत भएका सुधन त्यसको भोलिपल्टै संसद् भवन, सिंहदरबार जस्ता धरोहर चलाएर उत्सवको नेतृत्व गर्दै शीतलनिवासतर्फ अघि बढेको भयानकरुपमा देखिए। त्यही जुलुसबाट गएको एउटा आपराधिक समूहले महाराजगन्जमा प्रहरीको नृशंस हत्या गरेको थियो ।

एकाएक जेनजीको दाइ बनेर वार्ता र सरकार गठनको प्रक्रियामा संलग्न भएका उनले कुनै बेला आफू कहिल्यै नेता नबन्ने बताएको भिडिओ अहिले सामाजिक सञ्जालमा भाइरल छ। तर उनै अन्ततः राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरे । रवि लामिछानेसँगको समीकरण बनाए र पार्टीभित्र आफूलाई स्थापित गरे।

मन्त्री बन्दिनँ भन्ने उनको पुरानो भनाइ पनि अहिले विगत भइसकेको छ। दीपक भट्टसँग जोडिएको आर्थिक अपराधसम्बन्धी प्रश्नमा आफूलाई लागेको आरोपको निष्पक्ष निरूपण हुनुपर्ने ठाउँमा कथित छानबिन समितिको प्रक्रियापछि पुनः गृहमन्त्री बन्न उनले देखाएको तीव्र आकाङ्क्षाले उनको सत्ताप्रतिको मोह प्रस्ट पारेको छ।

जेनजी आन्दोलनका बेला उनले जुन कुरा भनेका थिए, अहिलेको उनको जीवनशैलीले त्यसैलाई चुनौती दिइरहेको छ। नेतालाई तलब नदिने, टाटा टाटु अघि-पछि साइरन बजाउने गाडी नदिने भन्ने भाष्यबाट राजनीतिमा उदाएका उनी आज त्यही सत्ताका सुविधा र प्रतीक बोकेर हिँडिरहेका छन् । राज्यको खर्चमा हेलिकोप्टर चढेर घटनास्थल पुग्ने र त्यहाँका गतिविधिलाई सामाजिक सञ्जालको सामग्री बनाउने प्रवृत्तिले प्रश्न झनै गहिरो बनाएको छ।

'अब देशमा गोली चल्दैन, सबैभन्दा पहिले मेरो टाउकोमा चल्छ' भन्ने उनको पछिल्लो अभिव्यक्तिले उनको अल्लारे शैलीलाई उजागर गरेको छ। उनी आफैं गृहमन्त्री भएपछि सुनसरी, सिरहा र बारामा युवाको ज्यान गएको घटना सेलाएको छैन। यतिसम्म दोग्ला र झुट अभिव्यक्ति दिनसक्ने व्यक्तिमा कि त लाजसरम पचेको हुनुपर्छ, कि त अझै मानिसलाई भेडा बनाउन सकिने भ्रममा हुनुपर्छ।

सुशासनको कुरा त उनको भाषण र प्रधानमन्त्रीको फेसबुकमा मात्र सीमित छ। भ्रष्टाचार र घुसखोरी घटेको छैन, सेवाग्राहीले सरकारी कार्यालयमा झनै भुक्तमान खेप्नुपरेको छ। ग्यासको लाइनमा २ महिनादेखि नागरिकको लाइनले यिनीहरूको सुशासनलाई मज्जाले जवाफ दिइरहेको छ।

### गृह मन्त्रालय स्टन्टको ठाउँ होइन

गृहमन्त्रीको कुर्सीमा बसेको व्यक्तिको एउटा शब्दले समाजमा र नागरिकमा त्रास फैलाउन सक्छ। एउटा आदेशले प्रशासनको मनोबल बदल्न सक्छ र एउटा उत्तेजक अभिव्यक्तिले

बाँकी पृष्ठ ४ ▶▶

## मधेशमा मानवअधिकारको अवस्था ............

अवस्था संवदेनशील नै रहेको बताउँदै साहनीले तीन वटै तहका सरकारले मानवअधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनतर्फ गम्भीर भइ लाग्नुपर्ने आवश्यकता रहेको औंल्याए ।

उनले भने जस्तै मधेशको आठ जिल्लामा मानवअधिकारको अवस्था निकै चुनौतीपूर्ण रहेको राष्ट्रिय मानव अधिकार आयोग, मधेश प्रदेश कार्यालयको आर्थिक वर्ष २०८२/८३ को तथ्यांकबाट समेत पुष्टि हुन्छ ।

धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिरहा र सप्तरीमा मानव अधिकार उल्लंघनसँग सम्बन्धित उजुरीको संख्या र प्रकृतिले नागरिकका आधारभूत अधिकारको संरक्षणमा राज्यका निकायसामु अझै ठूलो चुनौती रहेको उनको भनाइ छ ।

आयोगको प्रतिवेदनअनुसार प्रदेश कार्यालयमा ४८८ उजुरी चालु अवस्थामा छ । जसमध्ये ११० भन्दा बढी उजुरीमाथि अनुसन्धान पूरा गरी केन्द्रीय कार्यालयमा पठाइए पनि पनि ३७६ उजुरी विचाराधिन अवस्थामै रहेको छ।

केही उजुरी द्वन्द्वकालीन अवस्थामा तत्कालीन राज्यले बेपता परेका थिए । सो फछ्र्योट हुन नसक्दा अहिले पनि सो उजुरी कारबाही प्रक्रियामै रहेको छ।

चालु उजुरीमध्ये सबैभन्दा बढी नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित रहेको छ। ३७६ मध्ये २३४ उजुरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिअन्तर्गत छन् ।

त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका ६६, यातनाविरुद्धका २३, जबर्जस्ती बेपत्तासम्बन्धी २३, महिलाको अधिकारसम्बन्धी १५, जातीय विभेदसम्बन्धी १० तथा बाल अधिकारसम्बन्धी पाँच उजुरी छन् ।

जिल्लागत रूपमा धनुषामा सबैभन्दा बढी ११२ चालु उजुरी छन् । त्यसपछि सिरहामा ५४, रौतहटमा ३९, पर्सामा ३८, महोत्तरीमा ३७, सर्लाहीमा ३४, सप्तरीमा ३५ र बारामा २७ उजुरी रहेका छन् । यसले समस्या कुनै एक जिल्लामा मात्र सीमित नभइ प्रदेशका सबै आठ जिल्लामा फैलिएको देखिन्छ ।

२०५१, २०५४ र २०५६ सालका घटनासमेत अझै अभिलेखमा छन् भने २०६० सालका मात्रै ३३ उजुरीमाथि अझै पनि कारबाही प्रक्रियामै रहेको आयोगले जनाएको छ । यसले मानव अधिकार उल्लंघनका घटनामा न्याय प्राप्तिको प्रक्रिया लामो र जटिल बन्ने गरेको संकेत गर्छ।

आयोगको अनुगमनले पनि अवस्थाको अर्को पाटो देखाएको छ । आठै जिल्लामा ३१ वटा अनुगमन टोली परिचालन गरी आन्दोलन, निर्वाचन, हिरासत तथा कारागार, शान्तिपूर्ण प्रदर्शन, बल प्रयोग, विकास निर्माण, धार्मिक-सामुदायिक तनाव, बाल अधिकार र श्रमिक अधिकारका विषयमा अनुगमन गरिएको थियो । सप्तरीमा श्रमिकमाथि जबर्जस्ती श्रम तथा यातनाको आरोपमा गरिएको अनुगमनपछि भारतीय श्रमिकको उद्धार र स्वदेश फिर्तासमेत गरिएको थियो।

# आजको राशिफल

**मेष** : आज घरेलु समस्याले केही सताउन सक्छ, त्यसैले पारिवारिक कुरामा धैर्यता अपनाउनुहोला ।

**बृष** : छरछिमेक तथा दाजुभाइको सहयोगले रोकिएका पुराना कामहरूले गति लिनेछन् ।

**मिथुन** : आर्थिक मामिलामा आज विशेष सतर्कता अपनाउनुहोला । पारिवारिक आवश्यकतापूर्तिको लागि केही दौडधूप गर्नुपर्नेछ ।

**कर्कट** : दिनको सुरुवाती समय अनुकूल रहे पनि मध्यान्हपछि खर्च बढ्न सक्छ ।

**सिंह** : चन्द्रमा तपाईंको आफ्नै राशिमा प्रवेश गर्ने भएकाले आज मन प्रसन्न र उत्साहित रहनेछ ।

**कन्या** : वैदेशिक क्षेत्रसँग सम्बन्धित कामहरूमा केही ढिलासुस्ती हुन सक्छ ।

**तुला** : आयस्रोतका नयाँ बाटोहरू खुल्नेछन् भने रोकिएका धन उठ्नेछ। सामाजिक क्षेत्रमा तपाईंको मानप्रतिष्ठा र प्रभाव बढ्नेछ ।

**वृश्चिक** : कार्यक्षेत्रमा तपाईंको जिम्मेवारी र क्षमताको उच्च कदर हुनेछ । बुवाको सल्लाह लिएर काम गरेमा सफलता मिल्नेछ ।

**धनु** : भाग्यले पूर्ण रूपमा साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यमा मन जानेछ ।

**मकर** : गोपनीयता अपनाएर काम गरेमा अप्रत्याशित सफलता हात लाग्न सक्छ ।

**कुम्भ** : साझेदारी व्यवसायमा ठूलो सफलता मिल्नेछ। दाम्पत्य जीवन अत्यन्तै सुखी र आनन्दमय रहनेछ ।


**मीन** : तर्कशक्ति र पराक्रमद्वारा विरोधी तथा शत्रुहरू परास्त हुनेछन् । पुराना रोग तथा स्वास्थ्य समस्याबाट मुक्ति मिल्नेछ ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# गोलबजार १२ बेतौनामा खाने पानीको हाहाकार, दिगो र सामुहिक समाधान खोज्न विज्ञको सुझाव



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २४ गते**

गोलबजार नगरपालिका १२ बेतौनाका ४५ वर्षिय चन्दरदेवी मुखियाको आँगनमै चापा कल छ। तर कलबाट पानी आउँदैन। आफ्नो कलले पानी दिनछोडेपछि छिमेकी मोहन झाको समरसेवल पम्पबाट पानीको गर्जो टारिरहेका छन्।

स्थानीय आशा देवी मुखियाले चापाकलमै सहुलियतको लागि सुपरसेशन मोटर जडान गरेका छन्। तर, मोटरबाट पानी नझरेको वर्षौं भईसक्यो।

वडा अध्यक्ष गणेश मुखियाको आँगन र बारीमा दुईवटा चापाकल छ। एउटामा सुपरशेसन मोटर जडान भएको छ। उनकोमा पनि उहि समस्या पानी तान्दैन।

गोलबजार ११ बेतौना हरिपुरका करिव २०० घर परिवार धेरैको आँगनमा पानी तान्ने चापाकल छ, तर पानी दिँदैन। आफ्नो आगनको चापाकलमा पानी आउन छाडेपछि गाउँका सवै स्थानीय मोहन झाको आँगनमा रहेको बोरिङमा लागेको समरसेवलको भर पर्नु परेकोछ।

पानीका लागि विहान वेलुका यहाँ लामो लाईन लाग्ने गर्छ। दुई बाल्टिन पानी लिन घण्टौ लाइन लाग्नु पर्ने बाध्यता छ।

लामो समयदेखि पर्याप्त पानी नपर्दा भुमिगत जलस्रोतको सतह तल झरेको कारण चापाकलमा पानी नआएको स्थानीय मोहन झाले बताए। उनले भने, 'हाम्रोमा पछिल्लो पाँच वर्षले पानीको समस्या छ, त्यहि पनि असार साउनमा राम्रो पानी पर्दा मंसिर पुससम्म चापाकलहरुमा थोरै थोरै पानी आउँथ्यो, तर यस वर्ष लामोसमयदेखि पर्याप्त पानी नपर्दा कलबाट पानी आउनै छाडेको छ।'

लामो समयदेखि पानी नपर्दा धान सिंचाई गर्न खेत खेतमा भएका सम्पूर्ण मोटर तथा दमकलहरु चलेकाले झन यो समस्या चुएको झाले सुनाए।

उनले अहिले खेतमा रहेको मोटर र दमकलहरु धान सिंचाईको लागि चलिरहने भएकाले यहाँ चाप कम भएको बताए। उनले भने, 'नुहाउन, लुगाधुन धेरैजसो मानिसहरु चौरी (धानखेत)मा जाने भएकाले यहाँ चाप कम छ, उताको नचल्ने हो भने यो एउटा समरसेवले गाउँलाई धान्नै सकिन्न।'

उनले तत्काल बैकल्पिक व्यवस्था नगरे यहाँका बासिन्दाले पानीको झन ठूलो समस्या वेहोर्नु पर्ने बताए।

वडा अध्यक्ष गणेश मुखियाले घर व्यवहारमा चलाउने पानीको ठूलो समस्या आईलागेको छ। हामीले व्यक्ति व्यक्तिलाई समरसेवल दिन सक्ने अवस्था वडाको नगरहेको बताए।

उनले पनि लामो समयको खडेरी र चौरी (धान खेत)मा भएको मोटरहरु एकैसाथ चल्दा चापकल काम नलाग्ने भएको बताए।

गोलबजार नगरपालिकाले वर्षेनी पीउने पानी र सिंचाईको लागि करोडौं रकम खर्च गर्दै आएको छ। तर, यस्तो खुद्रे र वितरणमुखि योजनाले खानेपानीको समस्या समाधान नहुने स्थानीयसमेत रहेका पूर्व खानेपानी डिभिजनल इन्जिनियर देवनाथ महतोले बताए।

उनले भने, 'अव घर-घरमा चापाकल बाँडेने वितरणमुखि योजनाले पानीको समस्या समाधान हुँदैन, सामुहिक रुपमा एउटा गाउँ/टोलमा बोरिङ र साना ओभरहेड ट्याङक राखेर पानीको समस्या सामाधान गर्नेगरी स्थानीय तहले सोच्नु पर्छ।'

यो मौसममा जसो-तसो चापाकलले पानीको गर्जो टारिरहेको थियो, यो वर्ष लामो खडेरीले घरेलु प्रयोगमा मात्र हैन पानी अभावका कारण कृषि उत्पादनमा समेत समस्या हुनेबाला छ।

गोलबजार ११ बेतौनामात्र हैन पछिल्ला वर्षहरूमा तराई-मधेश क्षेत्रमा पानीको सङ्कट गहिरिँदै गएको छ। चुरे क्षेत्रको अनियन्त्रित दोहन, अनियमित वर्षा, खडेरी, भूमिगत पानीको अत्यधिक प्रयोग, परम्परागत पोखरीहरूको अतिक्रमण र बढ्दो तापक्रमका कारण भूमिगत पानीको सतह निरन्तर घटिरहेको जानकारहरु बताउँछन्।

एकातिर अत्यधिक गर्मी र अर्कोतिर पानीको अभाव गरी दोहोरो समस्या निम्त्याएको छ, जसले कृषि, जनजीवन र वातावरणीय सन्तुलनलाई गम्भीर रूपमा प्रभावित पारेको उनीहरुको कथन छ।

## भारत लैजान लागेको १५७ किलो गाँजा .............

मोबाइल गस्ती टोलीले शंकास्पद गतिविधि देखेपछि पछ्याउने क्रममा उनीहरूले टाउकोमा बोकेको गाँजा छाडेर फरार भएको सशस्त्र प्रहरीले जनाएको छ। घटनास्थलबाट १५७ किलो २०७ ग्राम गाँजा बरामद गरिएको हो।

बरामद गाँजा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रियाका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

सीमा क्षेत्रमा हुने अवैध लागुऔषध ओसारपसार नियन्त्रणका लागि सशस्त्र प्रहरीले नियमित रूपमा निगरानी, गस्ती तथा चेकजाँच गर्दै आएको जनाएको छ।



## जेन-जी विद्रोहको आडमा बनेको सरकारलाई सांसदका ............

समानुपातिक कोटाबाट उनकी आमा रचनालाई सांसद बनाएको थियो। बुधबारको प्रतिनिधिसभा बैठकमा सत्तारुढ दल रास्वपाकै सांसदहरूले सरकारको आलोचना गरे।

रास्वपाकै जेन-जी सांसद पुरुषोत्तम यादवले सदनमै जेन-जी आन्दोलन जिन्दावाद भनेर नारा लगाए। उनले जेन-जीसँग अन्तरिम सरकारले गरेको सहमति कार्यान्वयनमा नआएको बताए।

बैठकको आकस्मिक समयमै पार्टी सहमहामन्त्रीसमेत रहेका सांसद पुरुषोत्तम यादवले सरकारसँग आक्रोश पोखे। उनले सदनमै चेतावनीको भाषामा आफ्ना विषय राखे। जेन-जी विद्रोहपश्चात् अन्तरिम सरकारले जेन-जीहरूसँग गरेको सहमति कार्यान्वयन नभएको कुरा उप्काउँदै उनले वर्तमान सरकारले त्यही सहमति यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने बताए।

'हामी सडकमा के माग्न गएको थियौं? जसको बदलामा हामीले लाठी र गोली खानुपर्‍यो। हाम्रा साथीहरू सुशासनका लागि सडकमा आउँदा बन्दुकको नालको निसानामा परेर ढले,' उनले भने, 'हाम्रो माग सत्ता थिएन, कुर्सी थिएन, न त कसैको भाग खोस्न गएका थियौं।'

यादव जेन-जी विद्रोहका एक अभियन्ता हुन्। 'बालुवाटारबाट बार्दली पुगेको एउटा विगतलाई, हाम्रा साथीहरूको रगतबाट प्राप्त नयाँ जनमतको मानमर्दन र थप अहंकारको कालो बादल यो सदनभित्र गर्जन बन्द गरियोस्,' उनले चेतावनी दिए।

रास्वपाकै सांसद यज्ञमणि न्यौपानेले जेन-जीका थुनुवाहरूलाई छोड्नुपर्ने माग राखे। कोही सदनमा, कोही सरकारमा त कोही थुनामा रहेको भन्दै दुई खालको न्याय किन भन्ने प्रश्न उठिरहेको बताए। उनले जेन-जी आन्दोलनलाई जनआन्दोलन घोषणा गर्न र संस्थागत गर्नसमेत सरकारसँग माग गरे।

'जेन-जी विद्रोह जनआन्दोलनका रूपमा घोषणा गरियोस्। जेन-जी विद्रोहलाई संकल्प प्रस्तावका रूपमा सदनमा प्रस्तुत गरियोस्,' सांसद न्यौपानेले भने।

रास्वपाकै सांसद रीमा विश्वकर्माले सरकारले एउटै आन्दोलनमा सहभागी भएकाहरूमाथि फरक-फरक व्यवहार किन गर्छ भन्ने प्रश्न गरिन्। उनले जेन-जी विद्रोहलाई फौजदारी कानुनको चस्माबाट हेर्न नहुने र राजनीतिक वैधता दिनुपर्ने माग गरिन्।

'विगतमा मुद्दा फिर्ता लिएको र राष्ट्रपतिको सिफारिसमा आममाफी दिएका छन्। त्यसैले राजनीतिक मुद्दा फिर्ता लिनुपर्छ,' उनले भनिन्।

रास्वपाकै सांसद बुद्धिप्रसाद पन्तले गोली हान्न लगाउनेलाई निर्दोष ठहऱ्याउने कस्तो न्याय भन्ने प्रश्न गरे। 'गोली खाने र गोली खान तयार हुने दोषी हुने। गोली हान्ने र हान्न लगाउने निर्दोष ठहरिने यो कस्तो न्याय हो?,' उनले प्रश्न गरे।

त्यस्तै, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद भरतकुमार स्वाँरले गोली चलाउनेलाई कारबाही गर्नुपर्ने माग राखे। 'गोली खान तयार भएकालाई कारबाही गरिएको तर गोली हान्नेलाई कारबाही गर्न नसक्नु सरकारको लाचारीपन हो?,' उनको थियो।

रास्वपाकै सांसद मधुकुमार चौलागाईंले भने जेन-जी दिवसको अवसरमा आयोजना गरिएको कार्यक्रममाथि प्रश्न उठाए।

मंगलबार तत्कालीन संसद भवन भवन बानेश्वरमा गृहमन्त्री सुधन गुरुङ, कानुनमन्त्री सोविता गौतम सहभागी कार्यक्रममा विवादित धर्म गुरुलाई राखेर जेन-जी दिवसको कार्यक्रम गरिएको थियो।

'हिजो जेन-जी आन्दोलनका शहीदको सम्झनामा स्मृति कार्यक्रम गरियो। त्यो कार्यक्रममा जेन-जीहरूको भावना, मर्मविपरीत गएर विवादास्पद व्यक्तिलाई उपस्थित गराएर किन आयोजना गरियो?,' सांसद चौलागाईंले प्रश्न गरे, 'कसको भूमिका थियो त्यस्तो विवादास्पद कार्यक्रम गर्न?'

वर्तमान सरकार गत २३ र २४ भदौमा भएको जेन-जी विद्रोहको जगमा बनेको हो। २०८४ सालमा हुनुपर्ने प्रतिनिधिसभाको चुनाव २०८२ सालमै भएको थियो, जसमा रास्वपाले २७५ मध्ये १८२ सिट ल्याएको थियो। अहिले उसको एकल सरकार छ। आफ्नै सरकार र नेतृत्वमाथि सांसदहरूले प्रश्न उठाएका हुन्।

## सिरहामा स्कारपियो ........

अघि बढाइएको बताए। उनका अनुसार प्राप्त सूचनाका आधारमा संयुक्त टोलीले अपरेसन सञ्चालन गरी लागुऔषधसहित चालकलाई नियन्त्रणमा लिएको हो।

'प्रक्रिया अगाडि बढाइसकेका छौं। म्याद थप गरेर थप अनुसन्धान सुरु गरिनेछ', एसपी पाठकले भने।

प्रहरीले पक्राउ परेका बिसुकेको लागुऔषध कारोबारमा संलग्नता, बरामद लागुऔषधको स्रोत तथा यसको गन्तव्यबारे समेत अनुसन्धान अघि बढाएको जनाएको छ।









## मधेशका युवा भन्छन् ............

**आन्दोलनबाट भएको भौतिक क्षति**

मधेश प्रदेशको राष्ट्रिय योजना आयोगको प्रतिवेदन अनुसार आन्दोलनका क्रममा मधेश प्रदेशमा सरकारी संरचना र सवारीसाधनमा गरी करिब ४ अर्ब ५२ करोड ६५ लाख रुपैयाँ बराबरको क्षति भएको छ। आन्दोलनको क्रममा प्रदेशभरिका २९७ वटा सरकारी कार्यालयमा क्षति पुगेको थियो।

प्रदेश सरकार अन्तर्गतका कार्यालयमा मात्रै करिब ५७ करोड ३५ लाख ५२ हजार रुपैयाँ बराबरको क्षति भएको मूल्याङ्कन गरिएको छ। प्रहरीतर्फ पनि ठुलो क्षति भएको थियो। एक वर्ष बितिसक्दा पनि यी सबै संरचना पुरानै अवस्थामा फर्काउन सकिएको छैन भने कतिपय कार्यालय सामान्य मर्मतपछि सञ्चालनमा आए पनि पूर्ण पुनर्निर्माण भने बाँकी नै छ।

आन्दोलनको क्रममा मधेश प्रदेश सभा भवन र सचिवालयमा पनि क्षति पुगेको थियो। प्रदर्शनकारीले प्रदेश सभाको बैठक कक्ष, विभिन्न समितिका कार्यालय, फर्निचर तथा विद्युतीय उपकरणमा क्षति पुगेको थियो। त्यस्तै स्थानीय तह अन्तर्गतका भौतिक संरचनामामा समेत क्षति भएको थियो। त्यसमा पनि सबैभन्दा बढी क्षति वीरगन्ज महानगरपालिका र जनकपुर उपमहानगरपालिकाले व्यहोर्नुपरेको थियो। यी स्थानीय तहका भौतिक संरचना आंशिक रूपमा पुनर्निर्माण गरी काम चलाउँदै आएको छ।

**पछिल्लो एक वर्षलाई कसरी मूल्याङ्कन गर्दैछन् मधेशी युवा पुस्ता ?**

जेनजी आन्दोलन भएको एक वर्ष पूरा भएको छ। यो अवधिमा सन्तोष गर्न लायक केही काम भएको मधेसका युवा बताउँछन्। भ्रष्टाचार, घुसखोरी कम भएको तथा सरकारी सेवा प्रवाह विगतमा भन्दा प्रभावकारी भएको उनीहरूको भनाइ छ।

जनकपुरका युवा अशोक साहले भने, 'यो एक वर्षलाई सकारात्मक नै लिनुपर्छ। पहिलाभन्दा अहिले सरकारी संयन्त्र र कार्यशैलीमा फरक देखिन्छ। त्यही भएर सन्तुष्ट नै छु।'

वर्षौंसम्मको कुशासन र बेथितिले बिग्रिएका संरचना क्षणभरमै सच्याउन नसकिने भन्दै साहले बालेन शाहको नेतृत्वमा सरकार गठन भएको ६ महिनासमेत नपुगे पनि सुधारका महत्त्वपूर्ण प्रयास भएको बताए। 'वर्षौंदेखि बिग्रिएका कुरालाई क्षणभरमै परिवर्तन गर्न सकिँदैन। यो सरकार आएको ६ महिना पनि भएको छैन, तर सकारात्मक कार्यहरू देखिएका छन्,' उनले भने।

स्थानीय गुञ्जन यादवले थोरै भए पनि अहिले परिवर्तनको अनुभूति गर्न सकेको बताइन्। उनले भनिन्, 'सुशासन, जवाफदेहिता र पारदर्शिताको माग लिएर हामी आन्दोलनमा गएका थियौं। त्यो माग पूरा गर्ने जिम्मेवारीबाट अहिलेको सरकार विमुख भएको छैन, तर अपेक्षाकृत काम भने कम भएको छ।'

रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा अध्ययनरत सचिन पराजुलीले जेनजी आन्दोलन किन भयो, त्यसको औचित्य के थियो, त्यतिबेलाका सरकारले नबुझ्दा र युवाका कुराहरूलाई संवेदनशील रूपमा नलिएकै कारण अहिले उनीहरू पाखा लागेको बताए। उनले भने, 'मूलतः जेनजी पुस्ताले सुशासन कायम गर्न, भ्रष्टाचार निर्मुल गर्न र सरकारी डेलिभरी यथोचित तवरले कायम होस् भनेर आन्दोलन गरेका थियौं, तर राज्य पक्षले कहिल्यै पनि युवाहरूको कुरा संवेदनशील तवरले नलिँदा र युवाहरू पनि लोकतन्त्रका मानक हुन् है भन्ने नबुझ्दा तत्कालीन राज्यसत्ता केही घण्टामै ढल्न पुगेको हो।'

देशमा समस्याको चाङ रहेको जिकिर गर्दै उनले सबै समस्या शीघ्र समाधान भइहाल्छन् भन्ने अपेक्षा युवा पुस्ताले नगरेको प्रस्ट पारे। 'यत्तिका समस्या छन्,' उनले भने, 'सबै एकसाथ समाधान भइहाल्छ, आज नै समाधान हुन्छ वा भोलि नै हुन्छ भन्ने होइन।' सरकारले सुधारका प्रयास जारी राखेको र केही परिणाम पनि देखिएको उनको भनाइ छ।

# श्री राजेश्वरी आधारभूत विद्यालय मथिलेश्वर

**मिर्चैया नगरपालिका-१० सिरहा**

**स्था.-२०१९**

## शिक्षक कर्मचारी आवश्यकता सम्बन्धि सूचना

यस विद्यालयमा प्रा.शि.तृतीय स्वीकृत दरबन्दीमा संख्या -१ (एक) र कार्यालय सहयोगी का.स.-१ (एक) रिक्त रहेकोले सो रिक्त दरबन्दीमा मिर्चैया न.पा. शिक्षा, युबा तथा खेलकुद शाखाको च.नं. ४८६ मिति २०८३/०५/२४ र शिक्षा विकास तथा समन्वय इकाई सिरहाको च.नं. २३० मिति २०८३/०५/२४ गतेको प्राप्त पत्रानुसार र वि.व्य.स. को मिति २०८३/०५/२४ गतेको निर्णय अनुसार तपसिलका मापदण्ड पुरा गरेका उम्मेदवारहरुमा दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या |
|---|---|---|---|---|
| १. | १/२०८३/०८४ | प्रा.शि.स्वीकृत दरबन्दी करार | प्रा.शि.तृतीय | १ (एक) |
| २. | २/२०८३/०८४ | कार्यालय सहयोगी का.स. करार | कार्यालय सहयोगी | १ (एक) |

१. **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
२. **शैक्षिक योग्यता** : आई.एड. वा सो सरह।
३. **आवश्यक कागजातहरु** : शैक्षिक योग्यताका प्रमाण-पत्रहरु, नेपाली नागरिकताको प्रमाण-पत्र, निरोगीताका प्रमाण-पत्र, स्थायी अध्ययापन अनुमतिपत्र, पार्सपोर्ट साईजको २ प्रति फोटो, हस्तलिखित निवेदन, (सबै आवश्यक कागजातको २/२ प्रति छायाँकपी २ ओटा फाइलमा राखी पेश गर्नु पर्नेछ, कार्यालय सहयोगीको हकमा साधारण लेखपढ मात्र (नेपाली नागरिकताको प्रमाण पत्र, निरोगीताका प्रमाण पत्र र हस्तलिखित निवेदन।)
४. **तलब** : नेपाल सरकारको प्रचलित कानुन बमोजिम
५. **दरखास्त दस्तुर** : प्रा.शि.को रू. १२००/- र कार्यालय सहयोगीको रु. १००० /-
६. **दरखास्त दिने मिति** : २०८३/०५/२५ देखि २०८३/०६/१५ गते सम्म करार योग्यता क्रममा भएकाको लागि समेत) (१०:०० बजे देखि ४:०० सम्म)
७. **दरखास्त दिने स्थान** : श्री राजेश्वरी आ.वि. मथिलेश्वर, मिर्चैया -१० सिरहा
८. **परीक्षाको किसिम** : लिखित (सामान्य र विषयगत), अन्तवार्ता (आवश्यता अनुसार प्रयोगात्मक समेत र का.स.को हकमा मिर्चैया नगरपालिका र विद्यालयको विद्यालय कर्मचारी नियुक्ति तथा व्यवस्थापन कार्यविधि -२०८३ अनुसार हुने)
९. **सम्पर्क मिति** : २०८३/०६/१६ गते
१०. **परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ।
११. **थप जानकारीका लागि सम्पर्क नं.** : ९८४२९२१२५७

## देशलाई धम्की होइन, भरोसा दिने गृहमन्त्री ...........

सामाजिक तनाव बढाउन सक्छ।

अझ जेनजी शहीद दिवसको अवसरमा विवादमा रहेका र मुद्दा मामिला झेलिरहेका आचार्य श्रीनिवासलाई भाषण गराएर गृहमन्त्रीले विपक्षी दल, राजनीतिक कार्यकर्ता र पत्रकारलाई 'सुध्रिन' चेतावनी दिने शैली लोकतान्त्रिक शासनको सामान्य अभ्यास हुन सक्दैन। यस्तो प्रवृत्ति लोकतन्त्रका लागि आपत्तिजनक मात्र होइन, फासिवादी चरित्रतर्फ जाने खतरनाक सङ्केतसमेत बन्नसक्छ।

यसै पनि सुधन गुरुङ कन्टेन्ट क्रियटर हुन् कि गृहमन्त्री भन्ने प्रश्न यसअघि पनि उठिसकेको छ। कहिले गृह मन्त्रालयको सोफामा सुतेको फोटो फेसबुकमा राखेर आफूले काम गरेको प्रमाण पेस गरिरहेका हुन्छन्, कहिले एआई जनेरेटेड फोटोहरू राखेर आफूहरू सत्तामा आएपछि रातारात देश बनेको अफवाह फैलाउँछन्।

सुरुङभित्र २ जना मानिसको जीवित उद्धार भएको खबर पाएपछि सरकारी खर्चमा हेलिकोप्टर चढेर गएर अक्सिजन सिलिन्डर बोक्छन्, सेनाले उद्धार गरेका बच्चालाई काँधमा बोकेर दौडिएको भिडिओ हाल्छन्। उनले वास्तवमा के गर्नुपर्ने हो ? र के गर्दै छन् ? यसबारेमा पूर्वाग्रहबिना सोचौं त।

राजनीति केवल भाषण र नाराको विषय होइन। सत्ता भनेको त झन् फेसबुक पोस्ट, भिडियो र लाइभबाट चल्ने विषय हुँदै होइन। राज्य चलाउन राजनीतिक चेत चाहिन्छ। प्रशासनिक ज्ञान चाहिन्छ। सामाजिक संवेदनशीलता चाहिन्छ। सङ्कट व्यवस्थापनको क्षमता चाहिन्छ र सबैभन्दा बढी संयम र अरूसँग संवाद गर्ने शालीनता अनि विनयशीलता चाहिन्छ। यी कुनै पनि गुण गृहमन्त्रीमा देखिएका छैनन्।

रास्वपाका सभापति रवि लामिछानेले यस विषयमा गम्भीरतापूर्वक सोच्नुपर्ने बेला आएको छ। रास्वपा स्थापना गर्दा उनले सुसंस्कृत राजनीति, सेवामुखी नेतृत्व र पुरानो राजनीतिक संस्कारको विकल्प दिने कुरा गरेका थिए। त्यसैले पार्टीभित्रको कुनै व्यक्तिको आचरणले त्यही राजनीतिक उद्देश्यलाई कमजोर पार्न थालेको छ भने सभापतिले हस्तक्षेप गर्नैपर्छ।

**जेनजीको नाममा जेनजीकै सपना नमारौँ**

जेनजी आन्दोलन सत्ता परिवर्तनका लागि भएको थिएन र व्यवस्था परिवर्तनको लागि थिएन। त्यो पुरानो राजनीतिक संस्कार, भ्रष्टाचार, दम्भ, जबाफदेहिताको अभाव र राज्य सञ्चालनको शैलीविरुद्धको विद्रोह थियो।

त्यो पवित्र उद्देश्यको जेनजी आन्दोलनमा घुसपैठ भएपछि आयोजकले तत्कालै घर फर्किन आह्वान गरेका थिए। तर त्यहि निहत्था भिडमा हतियारधारी टिओबी र सुधन गुरुङको हामी नेपालका नकाबधारी घुसेर हिंसा मच्चाएका थिए। आज जेनजीको नाम लिएर सत्तामा पुगेपछि पुरानै शैली दोहोऱ्याउनु परिवर्तनको अपमान हो।

गृहमन्त्रीले विपत्तिका बेला उद्धारको कमान्ड सम्हाल्नुपर्छ। सुरक्षा निकायबीच समन्वय गर्नुपर्छ। सामाजिक र राजनीतिक द्वन्द्व व्यवस्थापनमा पहल गर्नुपर्छ। बाढीबाट बेपत्ताको खोजीलाई गति दिनुपर्छ। राहत र पुनः स्थापनाको योजना बनाउनुपर्छ। प्रत्येक गतिविधिलाई क्यामेराको अगाडि प्रस्तुत गरेर लोकप्रियता बटुल्नु उनको प्राथमिकता हुन सक्दैन।

किनकि नागरिकको जीवन रक्षा 'कन्टेन्ट' होइन। तर दुर्भाग्य गृहमन्त्री कन्टेन्ट क्रियटर र सोसल मिडिया इन्फ्लुएन्सरको भूमिका सुहाउँछन्।

**रवि लामिछानेले खोज्नुपर्ने जवाफ**

रास्वपाभित्रै राजनीतिक रूपमा राजनीतिक सुझबुझ भएका, सामाजिक रूपमा प्रतिष्ठा कमाएका, व्यवहारमा सुसंस्कृत र विषयगत विज्ञता भएका नेता तथा सांसदहरूको अभाव छैन। विनयशीलता, धैर्य र फराकिलो चेत भएका सांसदहरू रवि लामिछाने स्कुलिङबाट हुर्किएका छन्। तर आज उनीहरूलाई रमिते भूमिकामा सीमित गरेर सन्दिग्ध पात्रलाई सत्ताको चाबी दिनुपर्ने अदृश्य रहस्य के हो ? यो प्रश्न सार्वजनिकरुपमा उठेको छ।

गृहजस्तो संवेदनशील मन्त्रालयमा उत्तेजना, आक्रामकता र स्टन्टलाई प्राथमिकता दिने पात्र नै किन दोहोरिएर आए ? राजनीतिक,सामाजिक पृष्ठभूमि नभएका पात्रलाई किन हैसियतभन्दा बढीको जिम्मा दिइयो ? यो प्रश्न लामो समयसम्म उठिरहने छ र रवि लामिछानेले यो प्रश्नको उत्तर खोज्नुपर्छ।

रास्वपाको राजनीतिक भविष्य केवल दुई-चार जना भाइरल पात्रको व्यवहारमा निर्भर रहन सक्दैन। पार्टीले आफूलाई सुशासनको आन्दोलनबाट जन्मिएको क्षणिक शक्तिका रूपमा होइन, जिम्मेवार लोकतान्त्रिक विकल्पका रूपमा स्थापित गर्ने हो भने संस्कार र छनोट दुवै बदल्नुपर्छ।

**देशलाई धम्की दिने होइन, भरोसा दिने गृहमन्त्री चाहियो**

नेपालले पटक पटक विपत्ति र सङ्कट भोगिरहेको छ। साम्प्रदायिक तथा राजनीतिक-सामाजिक तनावका सम्भावना पनि उत्तिकै छन्। यस्तो बेला देशलाई उत्तेजक भाषण गर्ने, धम्की दिने र सामाजिक सञ्जाल र भोलि सडकमा भिडन्त खोज्ने गृहमन्त्री होइन, सबै पक्षलाई संयमतापूर्वक समेट्नसक्ने र सहज संवाद गर्ने गृहमन्त्री चाहिएको छ।

देशले सङ्कटमा सबैलाई समेट्नसक्ने, सुरक्षाकर्मीलाई परिचालन गर्नसक्ने, विशेषज्ञको कुरा सुन्नसक्ने, विपक्षीको आलोचना सहनसक्ने, नागरिकको पीडा बुझ्नसक्ने र आवश्यक पर्दा अन्तर्राष्ट्रिय सहयोग माग्नसक्ने गृहमन्त्री खोजेको छ।

गृह मन्त्रालय कुनै व्यक्तिगत ब्रान्ड बनाउने मञ्च होइन। त्यहाँबाट निस्कने हरेक निर्णयले कसैको जीवन जोगाउनसक्छ, कसैको जीवन जोखिममा पार्नसक्छ। एउटा गलत शब्दले सामाजिक तनाव बढाउन सक्छ। एउटा सही निर्णयले सयौं नागरिकलाई सङ्कटबाट बचाउनसक्छ।

सुरक्षा भनेको डर पैदा गर्नु होइन, नागरिकलाई सुरक्षित छु भन्ने अनुभूति गराउनु हो। गृहमन्त्रीको शक्ति उनको आवाजको चर्कोपनमा होइन, सङ्कटका बेला राज्यका सबै संयन्त्रलाई एउटै दिशामा परिचालन गर्ने क्षमतामा देखिनुपर्छ।

तर उनले हेलिकोप्टर आफ्नो कब्जामा रहेको र आफूले चाहेमा कुनै पनि बेला आलोचकलाई गुड मर्निङ एरेष्ट गर्ने भन्दै दिएको सार्वजनिक अभिव्यक्ति आपत्तिजनकमात्र होइन खेदपूर्ण छ। यस्तो व्यक्तिको हातमा गृह प्रशासन कायम रहनु नेपालको शान्ति,स्थिरता र विकासको लागि चिन्ताको विषय हो।

जेनजीले राजनीति बदल्न विद्रोह गरेको थियो कि केही भाइरल अनुहारलाई सत्तामा पुऱ्याउन ? यो प्रश्न अब रास्वपाभित्रैबाट उठेको छ।

यदि उत्तर पहिलो हो भने, अब सत्तामा पुगेकाहरूले आफूलाई पनि बदल्नुपर्छ। सुधन गुरुङका हकमा यो प्रश्न अझ ठूलो छ। उनी जेनजीको विद्रोहबाट जन्मिएको राज्यको जिम्मेवार गृहमन्त्री बन्ने कि त्यही आन्दोलन हाई-ज्याक गरेर एकाएक स्थापित बनाइएको 'सन्दिग्ध भाइरल म्यान' मै सीमित रहने ?

निर्णय अब उनको मात्र होइन, रास्वपा सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाहको पनि हो। किनकि अन्ततः नागरिकले खोजेको 'भाइरल र थ्रेटनिङ' गृहमन्त्री होइन, भरोसायोग्य गृहमन्त्री हो।

## मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं।
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं।
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं।
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं।
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं।
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं।
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं।
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं।

**खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं।**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

